नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- ०७५/०७६
चलानी .नः २३०६

मितिः- २०७६/०३/२३

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका (सबै)।
श्री जिल्ला समन्वय समिति (सबै)।

विषयः- परिपत्र।

प्रस्तुत विषयमा गृह मन्त्रालय (आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा) को च.नं. ६५१ मिति २०७६/३/११ को प्राप्त पत्रको छाँया कपि यसैसाथ संलग्न छ । सो पत्रबाट व्यहोरा अवगत गर्नु भई सोहि अनुसारको व्यवस्था गर्न गराउन हुन आदेशानुसार अनुरोध छ ।

(आनन्द देव सुवेदी)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः website मा Upload गरिदिनु हुन ।

नेपाल सरकार

# गृह मन्त्रालय

आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा

पत्र संख्या:- ०७५।०७६

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ६२१

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मिति: २०७६।०३।११

विषय: जानकारी सम्बन्धमा ।

दर्ता नं.:- २२२८१

मिति:- ०७६।३।१६

सबै मन्त्रालयहरु,

प्रस्तुत विषयमा विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट विशिष्ट पदाधिकारीहरुको जिल्ला भ्रमणमा सवारी साधन व्यवस्था गर्ने सम्बन्धमा निर्देशन माग भएकोमा नेपाल सरकार (माननीय गृहमन्त्री स्तर) बाट देहाय बमोजिमको निर्णय भएकोले सोही बमोजिम सबै पदाधिकारी तथा आफू अन्तर्गतका निकायहरुलाई आवश्यक समन्वय एवं जानकारीका लागि अनुरोध छ।

१. जिल्लामा जुन मन्त्रालय अन्तर्गतको कार्यालयको कार्यक्रम आयोजना गरिएको हो सोही कार्यालयले विशिष्ट पदाधिकारीहरुको लागि सवारी साधनको व्यवस्था मिलाउने,
२. कुनै कार्यक्रम विशेषको लागी कुनै कार्यालय/ आयोजकले विशिष्ट पदाधिकारीरुलाई आमन्त्रण गरेकोमा सोही कार्यालय/आयोजकले नै सवारी साधनको व्यवस्था मिलाउने,
३. जिल्लामा विषयगत कार्यालय र सम्पर्क गर्ने निकाय नभएको संघीय मन्त्रालयका पदाधिकारीको हकमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले व्यवस्थापनका लागि समन्वय गर्ने ।

(हरि प्रसाद पन्त)

उप सचिव

प्रशासन जी
सबै कोलेज एवं स्थानीय तहमा
जानकारी गराउन website मा राख्ने
३।१६